2024



# परिवर्तनका संवाहक
# THE CHANGEMAKERS

USAID FROM THE AMERICAN PEOPLE

Breakthrough ACTION FOR SOCIAL & BEHAVIOR CHANGE

Madhesh Province Government
**Ministry of Sports and Social Welfare**
Janakpurdham, Dhansusha

# परिवर्तनका संवाहक

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण (आरसीइएफएम) का लागि आफ्नो समुदायको परिवर्तनमा महत्वपूर्ण योगदान पुऱ्याउने तथा नेतृत्व लिने मधेस प्रदेशका परिवर्तनका केही संवाहकहरूको फोटो कथा ।

# THE CHANGEMAKERS

A collection of short profiles of changemakers in Madhesh Province, Nepal, who have made significant contributions to and are leading the change in their local communities to reduce child, early, and forced marriage.

USAID
FROM THE AMERICAN PEOPLE

Breakthrough ACTION
FOR SOCIAL & BEHAVIOR CHANGE

Madhesh Province Government
**Ministry of Sports and Social Welfare**
Janakpurdham, Dhansusha

**थप जानकारीका लागि**
**For more information**

प्रकाशन मिति: अगस्त २०२४
प्रकाशित प्रति: ५००
पुस्तिकामा प्रयोग भएको भाषा: नेपाली र अङ्ग्रेजी

यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगबाट तयार पारिएको हो । यस सामाग्रीमा समेटिएका विषयवस्तु ब्रेकथ्रु एक्सनको एकल जिम्मेबारी हुन र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिनिधित्व गर्छन् भन्ने जरूरी छैन ।

Date of Publication: August 2024
Published copy: 500
Languages used in the publication: Nepali and English

This booklet is made possible by the generous support of the American people through the United States Agency for International Development (USAID). The contents are the responsibility of Breakthrough ACTION and do not necessarily reflect the views of USAID or the United States Government.

# भूमिका

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको प्रथालाई नेपालको मधेस प्रदेशका धेरै समुदायहरूमा सामान्य मानिन्छ । समाजमा गहिरो जरा गाडेको यो कुप्रथाले बालिकाहरूको बाल्यकाल मात्र होइन  शिक्षा र क्षमता समेतको विनाश गरिदिन्छ ।

बालविवाह रोक्ने नेपाल सरकारको नीतिमा सहयोग गर्न अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको सहयोगमा ब्रेक थ्रु एक्सनले मधेस प्रदेशमा सन् २०२० देखि २०२४ सम्म बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण (आरसीइएफएम) परियोजना कार्यान्वयन गरेको थियो। यो परियोजनाको कार्यादेश स्थानीय सरकारको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने क्षमता सुदृढ गर्नु हो । समुदायमा आधारित, सर्वपक्षीय समन्वय तथा तथ्यमा आधारित रही यो परियोजनाले बालबालिकालाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहबाट  जोगाउनका लागि स्थानीय प्रणाली सुदृढ गऱ्यो ।

यो परियोजनाले रौतहट जिल्लाको दुर्गा भगवती गाउँपालिका र राजपुर नगरपालिका तथा महोत्तरी जिल्लाको जलेश्वर, मटिहानी, लोहारपट्टी नगरपालिका र पिपरा गाउँपालिका गरी ६ पालिकासँग सहकार्य गरेको थियो ।

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण गर्नका लागि गाउँ/नगरपालिका तथा वडाका जनप्रतिनिधि, धार्मिक र सामुदायिक अगुवा, स्थानीय एवम् वडा बाल अधिकार समितिका सदस्य, अभिभावक, शिक्षक र किशोरीहरूले पहिलो पटक सहकार्य गर्दै यो अभियानको नेतृत्व गरे, आर्थिक श्रोतको व्यवस्था गर्नुका साथै  एक अर्कालाई सहयोग गर्दै आफ्नो समुदायमा  बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई सम्बोधन गर्ने तरिकामा परिवर्तन ल्याए ।

मधेस प्रदेशमा ब्रेक थ्रु एक्सनको स्थानीय प्रणाली-सुदृढीकरण परियोजनाले तीन वर्षको समयमा, नगरपालिकाहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि निम्नअनुसार सहयोग गर्न गऱ्यो:

- बाल संरक्षण प्रणाली सहित क्षमता अभिवृद्धि तथा परामर्श दिएर हजारौं सामुदायिक सरोकारवालाहरूलाई परिचालन गर्न,
- गाउँ/नगरपालिका तथा वडाले सञ्चालन गर्ने गतिविधिमा सक्रिय रूपमा सहभागी हुन ६८ बाल क्लबहरूलाई सहयोग गरेर,
- बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापहरू कार्यान्वयन गर्न आव २०७८/२०७८ मा रहेको ७७,८४,००० रूपैयाँको बजेटलाई आव २०८०/८१ मा १,९९,४२,००० रूपैयाँ पुऱ्याएर ।

प्रदेशमा बालबालिकाहरूको उज्ज्वल भविष्य सुनिश्चित गर्न असाधारण प्रयास गरेका मधेस प्रदेशका नायक तथा परिवर्तनका संवाहकलाई यो पुस्तिका सम्मान दिन्छ । परिवर्तनका संवाहकमध्ये केहीले प्रचार पाएका छन् भने केहीले नेपथ्यमा बसेर काम गरेका छन् । यो पुस्तिकामा सबैलाई समेट्न सम्भव नभए पनि हामीले केही प्रतिनिधिमूलक परिवर्तनका संवाहक छानेका छौ जसले आफ्नो नियमित काम भन्दा माथि उठेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहबाट बालबालिकालाई जोगाएका छन् । यिनै परिवर्तनका संवाहकका कारण मधेस प्रदेशका कयौँ बालबालिकाले आफ्नो पूर्ण क्षमताको अनुभव गर्ने मौका पाएँ ।

यो परियोजनामा प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न हुने तथा यो पुस्तिका प्रकाशनमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिन चाहन्छौ ।

# PREFACE

The practice of child, early, and forced marriage (CEFM) is considered a norm in many communities across Nepal's Madhesh Province. This deeply rooted harmful custom robs girls of their childhood, education, and potential.

In support of Nepal's government policy prohibiting child and early marriage, USAID's Breakthrough ACTION implemented the Reducing Child, Early, and Forced Marriage (R-CEFM) project in Madhesh Province from 2020 to 2024 with the mandate to strengthen the local government's capacity to design, implement, and monitor activities to reduce CEFM. Through community-based, multisectoral, and data-informed activities, the project strengthened local systems that protect children against CEFM.

The project collaborated with six municipalities: Durga Bhagawati and Rajpur Municipalities in Rautahat District, and Jaleswar, Matihani, Loharpatti, and Pipara Municipalities in Mahottari District. Strengthening the Women, Children, and Senior Citizens (WCSC) section was a key approach because it has the mandate to reduce CEFM at the local level. The WCSC section could act as a linchpin to coordinate and support the local child protection system to prevent CEFM by linking local government staff with local and ward child rights committees (LCRCs and WCRCs), the municipal health section, educational departments, police, religious leaders, politicians, parents, and children's clubs.

Elected municipal leaders and ward officials, religious and community leaders, LCRC and WCRC members, parents, teachers, and young girls have worked together for the first time to lead the process, generate solutions, allocate needed resources, and support each other to start a local transformation in their communities to reduce CEFM.

In just three years, the Breakthrough ACTION's local system-strengthening project in Madhesh Province was able to help municipalities reduce CEFM by:

- Mobilizing thousands of community stakeholders, including child protection systems, through capacity building and mentoring activities
- Supporting 68 children's clubs to actively participate in their ward and municipality efforts
- Increasing budget allocation to implement R-CEFM activities from $ 65,966 in 2020-2021 to $152,000 in 2023/23

This booklet honors the heroes and changemakers in Madhesh Province who have been working tirelessly to secure a brighter future for both girls and boys in their province. While some of these changemakers have gained publicity, others have worked behind the scenes. Because it is not possible to feature everyone, we have chosen a few representatives of the changemakers who have gone above and beyond their duties to protect children from CEFM. Because of them, many children in Madhesh Province have gained the chance to realize their full potential.

We would like to thank everyone involved directly or indirectly in the project and those who have contributed to making this booklet possible.

# विषय सूची

देवकुमारी खत्री, खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेस प्रदेश १
Dev Kumari Khatri, Ministry of Sports and Social Welfare, Madhesh Province 1

जमिला असगरी, उपप्रमुख, राजपुर नगरपालिका २
Jamila Asagari, Deputy Mayor of Rajpur Municipality, Madhesh Province 2

हरिप्रसाद मण्डल, प्रमुख, मटिहानी नगरपालिका ३
Hari Prasad Mandal, Mayor, Matihani Municipality 3

शैलेन्द्र यादव, प्रमुख, लोहारपट्टी नगरपालिका ४
Sailendra Yadav, Mayor, Loharpatti Municipality 4

शम्भुकुमार सिंह, अध्यक्ष, दुर्गा भगवती गाउँपालिका अध्यक्ष ५
Shambhu Kumar Singh, Chair of Durga Bhagawati Rural Municipality 5

राम ललित चौधरी, लेखा प्रमुख, लोहारपट्टी नगरपालिका ८
Ram Lalit Chaudhari, Accountant, Loharpatti Municipality 8

रामानन्द यादव, अध्यक्ष, वडा ४, दुर्गा भगवती गाउँपालिका ९
Ramananda Yadav, Chair, Ward 4, Durga Bhagawati Rural Municipality 9

निर्मल कुमार साह, जलेश्वर नगरपालिका-५ का वडा सचिव १०
Nirmal Kumar Sah, Ward Secretary of Ward 5, Jaleswar Municipality 10

प्रद्युम्न चौधरी, वडाध्यक्ष, वडा नं १, दुर्गा भगवती गाउँपालिका ११
Pradhuman Chaudhary, Chair, Ward 1, Durga Bhagwati Rural Municipality 11

जुडिया ठाकुर, वडा सदस्य दुर्गा भगवती गाउँपालिका-२ १२
Judiya Thakur, Ward Executive Member, Ward 2, Durga Bhagwati Rural Municipality 12

बिनादेवी महतो, वडा सदस्य, वडा १, दुर्गा भगवती गाउँपालिका, १३
Bina Devi Mahato, Ward 1, Ward Member, Durga Bhagwati Rural Municipality 13

सुदामा देवी मण्डल, वडा सदस्य, वडा ९, जलेश्वर १४
Sudama Devi Mandal, Ward member, Ward 9, Jaleswar Municipality 14

कलिम अन्सारी, वडाध्यक्ष, वडा ६, मटिहानी नगरपालिका १५
Kalim Ansari, Chair, Ward 6, Matihani Municipality, 15

शोभादेवी दास, सदस्य, स्थानीय बाल अधिकार समिति, पिपरा गाउँपालिका १६
Shova Devi Das, Member of the LCRC, Pipara Rural Municipality 16

रामजी यादव, वडाध्यक्ष, वडा-३,लोहारपट्टी नगरपालिका १७
Ramji Yadav, Ward Chair, Ward 3 Loharpatti Municipality 17

दीपककुमार चौधरी, शिक्षक तथा अभियन्ता, दुर्गा भगवती गाउँपालिका १८
Deepak Kumar Chaudhari, Teacher and Activist, Durga Bhagawati Rural Municipality 18

ईश्वरीप्रसाद पौडेल, प्रधानाध्यापक तथा कार्यकर्ता, मटिहानी १९
Iswari Prasad Paudel, Principal and Activist, Matihani 19

सरिता कुमारी मण्डल, वडा सदस्य, वडा -२ मटिहानी नगरपालिका २०
Sarita Kumari Mandal, Ward Member, Ward -2, Matihani Municipality 20

आस्थाकुमारी मिश्रा, सदस्य, दुर्गा भगवती बाल क्लब, दुर्गा भगवती गाउँपालिका २१
Astha Kumari Mishra, Durga Bhagwati Child Club, Durga Bhagawati Rural Municipality 21

हिना खातुन, मटिहानी नगरपालिका २२
Hina Khatun, Matihani Municipality 22

नजमा खातुन, लोहारपट्टी नगरपालिका २३
Najama Khatun, Loharpatti Municipality 23

प्रितम ठाकुर, रौतहट २४
Preetam Thakur, Rautahat 24

अंशुकुमारी यादव, लोहारपट्टी नगरपालिका २५
Anshu Kumari Yadav, Loharpatti Municipality 25

मौलाना रहमत अलि, राजपुर नगरपालिका २६
Maulana Rahamat Ali, Rajpur Municipality 26

ताराकान्त झा, धार्मिक अगुवा, पिपरा २७
Tarakant Jha, Religious leader, Pipara Rural Municipality 27

मोहम्मद सहाबुद्दीन, राजपुर २८
Mohammad Sahabuddin, Rajpur Municipality 28

मुनचुन मिश्र,दुर्गा भगवती गाउँपालिका २९
Munchun Mishra, Durga Bhagwati Rural Municipality 29

लक्ष्मीनारायण पाण्डे, दुर्गा भगवती गाउँपालिका ३०
Laxmi Narayan Pandey, Durga Bhagawati Rural Municipality 30

पुष्प सिंह, दुर्गा भगवती गाउँपालिका ३१
Puspa Singh, Durga Bhagwati Rural Municipality 31

उमा शङ्कर प्रसाद साह, मटिहानी नगरपालिका ३२
Uma Shankar Prasad Sah, Matihani Municipality 32

शिवाजी यादव, लोहारपट्टी नगरपालिका ३३
Shivaji Yadav, Loharpatti Municipality 33

## देवकुमारी खत्री, खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेस प्रदेश

**"सामाजिक व्यवहार परिवर्तन गर्ने काम सजिलो पक्कै छैन । यो चुनौतीपूर्ण काम हो । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण परियोजनाका कर्मचारीहरूले परिवर्तन ल्याउनका लागि कडा परिश्रम गरेका छन् । यसबाट समाजमा कम उमेरमा विवाह गरिदिने चलनमा व्यापक परिवर्तन आएको मैले देखेकी छु र यो निरन्तर कम हुँदै जाने कुरामा म विश्वस्त छु । किनकि आरसीइएफएम काम गरिरहेका पालिकाहरूले कार्यक्रम र प्रक्रियाको स्वामित्व लिइसकेका छन् ।"**

'देबु म्याम' का नाममा सर्वत्र चिनिने मधेस प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयकी उपसचिव देवकुमारी खत्री आरसीइएफएम परियोजनाको बलियो समर्थक रहनु भयो । पक्का समर्थक हुनुहुन्छ र परियोजनालाई मार्ग निर्देशन गर्नुका साथै प्रगतिको निरन्तर अनुगमन गर्नुहुन्छ । यस कार्यमा कुनै चुनौती आएमा उहाँ मार्ग प्रशस्त गर्न सधैँ तयार हुनुका साथै प्रत्यक्ष रूपमा समुदायलाई भेट्न गएर उनीहरूको कामलाई समर्थन र प्रोत्साहित गर्नुहुन्छ । उहाँले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि आवश्यक कानुन, नीतिहरू र प्रक्रियाहरूको निर्माण सुनिश्चित गर्न सम्बन्धित अधिकारीहरूसँग निरन्तर समन्वय गर्नुहुन्छ ।

•••

## DEV KUMARI KHATRI, MINISTRY OF SPORTS AND SOCIAL WELFARE, MADHESH PROVINCE

"**Changing social behavior is not easy; it is challenging, and R-CEFM project staff have worked hard to bring about change. I see a high level of change in the practice of underage marriage in society, and I am confident that this trend will continue in the future. The municipalities where R-CEFM has been working have already taken ownership of the program and process.**"

Dev Kumari Khatri, affectionately known as "Debu Ma'am," is the under secretary at the Ministry of Sports and Social Welfare in Madhesh Province, Nepal. She has been a strong supporter of the R-CEFM project in the province and has been closely guiding and monitoring its progress. She is always ready to pave the way to meet any challenges and to visit communities directly for their support. She coordinates with relevant authorities to ensure the formulation of necessary laws, policies, and procedures for reducing CEFM.



## जमिला असगरी, उपप्रमुख, राजपुर नगरपालिका

**“हामीकहाँ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको ठुलै समस्या थियो, तर आरसीइएफएम परियोजनासँग सहकार्य गरेपछि परिस्थिति फेरिएको छ। बालविवाह पूर्ण रूपमा रोकिएको छ भनेर त म भन्न सक्दिन, तर यो एकदम कम भएको छ। हामीले नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा आरसीइएफएम समावेश गरी यससम्बन्धी नगरपालिका र वडा स्तरीय क्रियाकलापका लागि बजेट विनियोजन गरिसकेका छौँ, र यो निरन्तर रहनेछ।”**

राजपुर नगरपालिकाकी मृदुभाषी उपप्रमुख जमिला असगरीले आफ्नो क्षमता विकास गर्दै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको बलियो पैरवीकर्ता बन्नुभएको छ। परियोजनाले उहाँलाई आरसीइएफएम प्रखर वक्ताका रूपमा तयार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। उहाँ आफै सक्रिय भएर आरसीइएफएम हरेक कार्यक्रममा उपस्थित हुनुहुन्छ। राजपुरमा मुस्लिम समुदायको ठुलो जनसङ्ख्या रहेको छ। जमिला असगरीको सक्रियताले मुस्लिम समुदाय, विशेष गरी मुस्लिम महिलाहरूमा ठुलो प्रभाव पारेको छ। बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणमा राजपुर नगरपालिकामा हासिल उपलब्धि उहाँकै पहलकै कारण सम्भव भएको हो र परियोजना बाहिरिएपछि पनि यस सम्बन्धी गतिविधि निरन्तरता पाउनेमा उहाँ विश्वस्त हुनुहुन्छ।

●●●

## JAMILA ASAGARI, DEPUTY MAYOR OF RAJPUR MUNICIPALITY, MADHESH PROVINCE

**“We used to have a huge problem with CEFM, but after collaborating with R-CEFM, it has made a difference. I cannot say that CEFM has completely stopped, but it has been drastically reduced. We have already included R-CEFM in municipality’s annual policy and program and allocated a budget for municipal and ward-level R-CEFM work, and it will continue.”**

Jamila Asagari, the soft-spoken deputy mayor of Rajpur Municipality, has built her capacity to reduce CEFM and is now a strong advocate of the R-CEFM program. The project played a crucial role in onboarding her as an R-CEFM activist. She is now self-motivated and attends every program organized under the R-CEFM project. Rajpur has a majority Muslim population, and Deputy Mayor Asagari’s activism has a huge influence on the Muslim community, especially Muslim women. Her initiative is the main reason for Rajpur Municipality’s achievements in addressing CEFM issues, and she is confident that R-CEFM activities will continue even after the project’s exit.



## हरिप्रसाद मण्डल, प्रमुख, मटिहानी नगरपालिका

**"यो समस्या समाधानका लागि जनचेतना जगाउनेदेखि विभिन्न क्रियाकलाप सञ्चालन गर्ने सम्मका सबै दृष्टिकोणबाट काम गरिरहेका छौं। बालविवाह जस्ता जटिल समस्या उन्मूलन गर्न नगरपालिकाका सबै शाखाहरूबिच समन्वय र समाजका सबै क्षेत्रको सहयोग आवश्यक छ।"**

आमसञ्चारको पृष्ठभूमिबाट राजनीतिमा आउनु भएका मटिहानी नगरपालिकाका दुई कार्यकालका प्रमुख हरिप्रसाद मण्डलले हरेक विकास आयोजनामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको मुद्दालाई समावेश गर्ने रणनीति लिँदै आउनु भएको छ। सन् २०२४ मे महिनामा, ९५.१६% साक्षरता दरसहित पूर्ण साक्षर नगरपालिका घोषणा गर्ने कार्यक्रममा, नगर प्रमुखले तीन वर्षभित्र मटिहानीलाई बालविवाह मुक्त नगर घोषणा गर्ने अभियानमा सहयोग पुऱ्याउन नगरपालिकामा लागू हुने प्रत्येक कार्यक्रमबाट बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको मुद्दालाई सम्बोधन गर्ने वकालत गर्नुभयो। बालविवाहको मुद्दालाई विकास परियोजनामा समावेश गर्दा सकारात्मक परिणाम आएको छ। नगर प्रमुख मण्डलले समाजमा जरा गाडेको कुरीति बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापको प्रभावकारी नेतृत्व लिनु भएको छ।

●●●

## HARI PRASAD MANDAL, MAYOR, MATIHANI MUNICIPALITY

**We are working on every aspect to solve it, from raising awareness to implementing various activities. Eradicating complex issues like child marriage requires coordination among all the departments of the municipality and support from all sectors of society.**

Hari Prasad Mandal, a journalist turned politician and two-term mayor of Matihani Municipality, has a strategy of integrating R-CEFM issues into every development project. In May 2024, at a program declaring the municipality a literate city with a literacy rate of 95.16%, the mayor advocated addressing CEFM from each program implemented in the municipality in support of its vision to declare itself CEFM-free within three years. This integration of R-CEFM into every development project has yielded positive results. Mayor Mandal has provided effective leadership to address the deeply rooted problem of CEFM in society.





## शैलेन्द्र यादव, प्रमुख, लोहारपट्टी नगरपालिका

**“काम सुरु गरेपछि चुनौतीहरू त आउँछन् नै हामीले तिनको सामना गर्नै पर्छ । सफलता प्राप्त गर्नका लागि हामीले एक एक गरेर ती चुनौतीहरूलाई सम्बोधन गर्दै जानु पर्छ । हामीले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षा दिने कुरामा पनि ध्यान केन्द्रित गरेर विद्यालय बाहिर रहेका बालबालिकाका लागि विभिन्न १३ ठाउँमा कक्षा सञ्चालन गरेका छौं । हामीले किशोरीहरूलाई सीप विकाससँग जोडेका छौ जसबाट उनीहरूलाई उमेर पुगेपछि विवाह गर्न मद्दत पुगोस् ।”**

नगर प्रमुख शैलेन्द्र यादवले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापहरूमा प्रभावकारी नेतृत्व दिएकै कारण नगरपालिकाले महत्त्वपूर्ण प्रगति हासिल गरेको छ । उहाँले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणलाई लोहारपट्टी नगरपालिकाको प्रतिष्ठासँग जोडेर काम गर्नुभयो । सहकार्य र प्रणाली सुदृढीकरणमा दृढ रूपमा विश्वास गर्दै मेयर यादवले प्रमाणमा आधारित निर्णय गर्ने प्रक्रियालाई प्रमाणमा आधारित निर्णय प्रक्रियालाई प्राथमिकता दिनुका साथै सबै वडाध्यक्षहरूलाई यस कार्यमा परिचालन गर्नुभयो । उहाँ सधैं प्रगतिको अनुगमन गर्नुहुन्छ र समयमै स्रोत परिचालन गरेर कर्मचारीहरूलाई उत्प्रेरित गर्नुहुन्छ । नतिजालाई महत्वपूर्ण मान्ने उहाँले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका कामलाई नतिजामुखी बनाउन जनप्रतिनिधि तथा कर्मचारीलाई प्रोत्साहित गर्नुहुन्छ ।

●●●

## SAILENDRA YADAV, MAYOR, LOHARPATTI MUNICIPALITY

**"When you start actual work, you will start facing challenges, and you have to address them one by one to achieve success. We are also focusing on educating out-of-school children, and we have conducted classes in 13 different places. We are also linking skill development for adolescents, which helps in delaying marriage."**

Sailendra Yadav's effective leadership in R-CEFM efforts has been key to achieving significant progress in his municipality. He linked reducing CEFM to the prestige of Loharpatti Municipality. Mayor Yadav is a firm believer in the collaborative, system-strengthening approach. He has prioritized evidence-based decision making and has mobilized all ward chairs to follow it. He always follows up on progress and motivates staff by mobilizing resources in a timely manner. He believes that results are important, and for that, staff and other representatives need to focus on R-CEFM work.



## शम्भुकुमार सिंह, अध्यक्ष, दुर्गा भगवती गाउँपालिका

**“गाउँपालिकाको अध्यक्षको हैसियतले अभिभावकपछि यहाँका सबै बालबालिकाको जिम्मेवारी मेरो हो । अहिले हामीले हाम्रो भविष्यमा लगानी गरिरहेका छौँ, आवश्यक पऱ्यो भने यसमा थप लगानी गर्नेछौँ ।”**

अत्यन्त क्रियाशीलताका लागि चिनिने शम्भुकुमार सिंहले दुर्गा भगवती गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएपछि तुरुन्तै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको अभियानलाई अँगाल्नुभयो । मानव-केन्द्रित डिजाइन प्रक्रियाबाट छनौट भएका रोजगारीको माग भएको सीप विकास, विद्यार्थीलाई छात्रवृत्ति, धार्मिक अगुवाहरूको नियमित प्रवचन, २० वर्ष पुगेपछि छोरीको विवाह गर्ने अभिभावकलाई सम्मान गर्ने लगायतका क्रियाकलापको कार्यान्वयनका लागि पालिकाको प्रणालीलाई सुदृढ बनाउनुभयो । उहाँ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणसम्बन्धी मुद्दाहरूमा तत्काल कारबाहीका लागि परिचित हुनुहुन्छ र पूर्वाधारसँगै बालबालिकामा लगानी गर्न इच्छुक हुनुहुन्छ ।

•••

## SHAMBHU KUMAR SINGH, CHAIR OF DURGA BHAGAWATI RURAL MUNICIPALITY

**"As the chair of the municipality, I am responsible for the children after their parents. We are investing in our future, and I will invest more if needed."**

After winning the election for chair of Durga Bhagawati Rural Municipality, Shambhu Kumar Singh, who is a man of action, immediately embraced the ideas of reducing CEFM. Mr. Singh led the strengthening of the municipality's system to implement all solutions identified from the human-centered design process, including developing marketable skills among youths, creating scholarships for students, advocating regular preaching in religious places, and celebrating parents who marry off their daughters only after the legal age of 20 years. The municipality also verifies the age of individuals by checking birth certificates before officiating marriages. He is known for his immediate action on issues related to reducing CEFM and places great value on investing in children.



यासोदा कार्की भण्डारी Yasoda Karki Bhandari



अनिता साह Anita Sah

स्थानीय तहमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको कार्यादिश पाएको महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा परियोजनाको केन्द्रबिन्दुमा रहेको थियो । महोत्तरीको मटिहानी नगरपालिकाकी दीपाकुमारी दास, लोहारपट्टी नगरपालिकाकी यासोदा कार्की भण्डारी, जलेश्वर नगरपालिकाकी अनिता साह, पिपरा गाउँपालिकाकी रचना झा तथा रौतहटको दुर्गा भगवती गाउँपालिकाकी मोनिका जयसवाल, राजपुर नगरपालिकाकी जुनैदा खातुनले आफ्नो गाउँ/नगरपालिकाका किशोर किशोरीको जीवनमा व्यापक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। सुरुमा, यो शाखालाई गम्भीरताका साथ हेरिएको थिएन । पालिकाको नेतृत्वको सक्रिय सहयोग तथा  ठोस प्रमाणका आधारमा काम गर्दै जाँदा यो शाखामा कार्यरत कर्मचारीहरूले आफूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको कामका मुख्य कर्ताका रूपमा उल्लेखनीय योगदान गर्नुभएको छ जसका लागि उहाँहरूको ठूलो प्रशंसा गरिनुपर्छ ।

•••

**The WCSC section, as the key section designated to lead efforts to reduce CEFM, became the project's central focus. Deepa Kumari Das of Matihani Municipality, Yasoda Karki of Loharpatti Municipality, Anita Sah of Jaleswar Municipality and Rachana Jha of Pipara Rural Municipality in Mahottari District and Monika Jaiswal of Durga Bhagwati Rural Municipality and Junaida Khatun of Rajpur Municipality in Rautahat District played crucial roles in improving the lives of adolescents in their areas. Initially, the WCSC section was not seen as a serious contributor to municipal development and was often limited to distributing identity cards to people with disabilities. After years of evidence-based work, as well as support from local leadership, these women leaders from the WCSC section have demonstrated that they are key players in efforts to reduce CEFM. Addressing social issues, especially investing in child protection, should be a vital part of the social development of the municipality. Enormous appreciation is due to all members of the WCSC section for their remarkable contributions to reducing CEFM.**


दीपाकुमारी दास
Deepa Kumari Das


जुनैदा खातुन
Junaida Khatun


रचना झा
Rachana Jha


मोनिका जयसवाल
Monika Jaiswal

## राम ललित चौधरी, लेखा प्रमुख, लोहारपट्टी नगरपालिका

**"सरल र विस्तृत बजेट सबैभन्दा राम्रो हो । नगर परिषद्ले पारित गरेको बजेट ऐन जस्तै हो र नगर कार्यपालिकाले त्यसलाई परिमार्जन गर्न सक्दैन । योजना तर्जुमाका क्रममा नै क्रियाकलापको शीर्षक अनुरूप विस्तृत बजेट बनाएर पेस गरी नगर परिषद्बाट स्वीकृति लिएको खण्डमा कार्यान्वयन प्रक्रिया सहज हुन्छ । यसो भएमा पेस्की लिन र फर्छ्यौट गर्न, कार्यक्रम कार्यान्वयनको प्रतिवेदन तयार गर्ने लगायतका सबै काममा सजिलो हुन्छ ।"**

राम ललित चौधरीले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापहरू सूत्र (सब-नेसनल ट्रेजरी रेगुलेटरी एप्लिकेसन) नामक सफ्टवेयरमा कसरी हाल्ने भनेर सबैलाई जानकारी दिनुभयो । नेपाल सरकारको यो सफ्टवेयरमा सबै वडा वा नगरपालिका-स्तरीय योजनाहरू अनिवार्य रूपमा अपलोड गर्नुपर्छ । विगतमा, बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापका बजेट एकमुष्ट रूपमा सूत्रमा अपलोड गर्ने चलन थियो । त्यसबाट क्रियाकलापहरूको कार्यान्वयनका क्रममा कुन शीर्षकमा कति पेस्की लिन र कति खर्च गर्ने भन्ने अन्योल देखियो । यसलाई सम्बोधन गर्न, राम ललितले योजना तर्जुमाका क्रममा नै क्रियाकलापको शीर्षक अनुरूप विस्तृत बजेट बनाएर पेस गरी नगर परिषद्बाट स्वीकृति लिएर सूत्रमा हाल्न सुझाव दिनुभयो । उहाँले लोहारपट्टी नगरपालिकाका मात्रै नभई नजिकका नगरपालिकामा पनि यस्ता जटिल योजना र बजेट प्रणालीसम्बन्धी अन्यौलता हटाउन मद्दत गर्नुभएको छ ।

●●●

## RAM LALIT CHAUDHARI, ACCOUNTANT, LOHARPATTI MUNICIPALITY

**A simple and detailed budget is the best. The budget passed by the municipal council is like a law, and the municipal executive cannot alter it. If a budget with detailed breakdowns is submitted and approved by the municipal council, it simplifies the implementation process. Obtaining and clearing advances, as well as reporting program implementation, becomes easier for everyone.**

Ram Lalit introduced how to use the software called SuTRA (Sub-National Treasury Regulatory Application) for R-CEFM activities. It is mandatory for all ward- or municipality-level planning to be entered into this software. Previously, inputting programs and budgets tended to be done without detailed breakdowns, causing challenges during the implementation because of uncertainty regarding the resource allocation for R-CEFM activities. To address this, Ram Lalit suggested entering comprehensive breakdowns of the activity budget in the system. He has transformed the mindset of staff not only in Loharpatti Municipality but also in nearby municipalities regarding these complex planning and budgetary systems.



## रामानन्द यादव, वडाध्यक्ष, वडा ४, दुर्गा भगवती गाउँपालिका

**“हाम्रो समुदायका अधिकांश सदस्यहरूले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण कार्यक्रममा चासो देखाएका छन्, र सबैले परिस्थितिलाई सुधार्न योगदान गरिरहेका छन् । मैले हाम्रो वडालाई बालविवाहमुक्त घोषणा गर्न समुदायका सदस्यहरूमा उल्लेखनीय उत्साह देखेको छु । सर्वदलीय समिति, प्रभावशाली नागरिक समाज, बाल क्लबहरू र हाम्रो वडाले बालविवाह हटाउन कडा मेहनत गरिरहेका छन् ।”**


दुर्गा भगवती गाउँपालिकाको वडा ४ का अध्यक्ष रामानन्द यादवले समुदायका सबै सदस्यलाई संलग्न गराउँदै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण कार्यक्रमका हरेक पहललाई सबैले स्वीकार गर्ने वातावरण बनाउनु भयो । आफ्नो परिवारमा बालविवाहका कारण केही वर्ष अगाडी भएको एउटा दुर्घटनाबाट उत्प्रेरित भएर वडाध्यक्ष रामानन्द यादव आफ्नो वडा मात्र होइन वरपरको समाजबाट नै बालविवाह समाप्त गर्ने अभियानमा लाग्नु भएको छ ।

●●●

## RAMANANDA YADAV, CHAIR, WARD 4, DURGA BHAGAWATI RURAL MUNICIPALITY

**"The majority of our community members have shown interest in our R-CEFM program, and everyone is contributing to improving the situation. I have witnessed a remarkable enthusiasm among community members to declare our ward child marriage-free. The all-party committee, influential civil society, child clubs, and our ward are working hard to eliminate all forms of CEFM."**

Ramananda Yadav, the chair of Ward 4 of Durga Bhagawati Rural Municipality, transformed his personal loss into a powerful drive to combat CEFM in his ward and beyond. His nephew's underage wife tragically died during childbirth a few years ago. He is recognized for his ability to involve every community member in the smooth operation of activities, making his initiatives widely accepted.



## निर्मल कुमार साह, सचिव, वडा ४, जलेश्वर नगरपालिका

**"प्रत्येक महिनाको पाँचौं दिन वडा बाल अधिकार समितिको बैठक बस्छ र यसमा अघिल्लो महिना विवाह गरेका, स्कुल छोड्ने लगायतका नाम र मिति सहितका तथ्याङ्क राख्छौं । बैठक बस्ने बारेमा कसैले सम्झाइ राख्नु पर्दैन । बैठकमा आएका तथ्याङ्कले हामीलाई प्रभावकारी क्रियाकलापहरू तय गर्न मद्दत गर्छ । यही तथ्याङ्कका आधारमा सर्वदलीय समितिका सदस्यहरूले हाम्रो कामको मूल्याङ्कन गर्छन् । धार्मिक अगुवाहरूसँगको बैठकमा तथ्याङ्कको पुनः परीक्षण गर्छौं र यसले बालविवाह बिस्तारै घट्दै गएको देखाएको छ ।"**

जलेश्वर नगरपालिका-५ का वडा सचिव निर्मल कुमार साहले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका क्रियाकलापलाई सुचारु रूपमा सञ्चालन गर्न थप पहल गर्दै सही तथ्याङ्कका लागि त्रैमासिक हुनु पर्ने वडा बाल अधिकार समितिको बैठक हरेक महिना आयोजना गर्नुहुन्छ । उहाँले तथ्याङ्कका विवरणलाई स्पष्ट र सबैले बुझ्न सजिलो हुने ढाँचामा राख्नुभएको छ ।

•••

## NIRMAL KUMAR SAH, WARD SECRETARY OF WARD 5, JALESWAR MUNICIPALITY

**"Nobody has to remind us about our meetings. We conduct the WCRC every fifth day of the month and update data on marriages, school dropouts, etc., with names and exact dates. This data helps us plan effective interventions. The members of the all-party committee evaluate our work based on this data. And when we meet with religious leaders, we check this data, which shows that CEFM is gradually reducing."**

Nirmal Kumar Sah, ward secretary of Jaleswar Municipality Ward 5, has made extra efforts to keep the system running smoothly and has organized the WCRC meeting every month to protect R-CEFM-related data. He has maintained the data entry book in a clear and easy-to-understand format.



## प्रद्युम्न चौधरी, वडाध्यक्ष, वडा नं १, दुर्गा भगवती गाउँपालिका

**यस वर्ष, हामीले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका आठ क्रियाकलापका लागि पाँच लाख रुपैयाँ विनियोजन गरेका छौँ । बाल क्लबका सदस्य, धार्मिक अगुवा, वडा सदस्य, र प्रभावशाली नागरिक समाजका सदस्यहरूसँगै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण अभियान गर्न वडाका सबै ११३५ घरहरूमा पुग्यौं ।वडा बाल अधिकार समितिको हाम्रो तथ्याङ्कको आधारमा, हामीले बालविवाहलाई ४२% बाट १५% मा घटाएका छौँ भनेर भन्न सक्छौ ।”**

नम्र तर बालविवाह रोक्नमा दृढ निश्चयी वडाध्यक्ष प्रद्युम्न चौधरीले आफ्नो वडाका कर्मचारीलाई तथ्याङ्क पुनः परीक्षण गर्न परिचालन गर्नुभयो । उहाँले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहमा संलग्नहरूलाई विवाह दर्ता र सुविधाहरू रोक्ने लगायतका कडा कारबाही गर्नुभएको छ ।

•••

## PRADHUMAN CHAUDHARY, CHAIR, WARD 1, DURGA BHAGWATI RURAL MUNICIPALITY

**This year, we allocated five hundred thousand for eight programs to support R-CEFM. We reached all 1,135 households to campaign for R-CEFM with child club members, religious leaders, ward members, and influential civil society members. Based on our record of WCRC, we reduced the prevalence of CEFM from 42% to 15%.”**

Humble yet resolute, Pradhuman has been diligent in stopping CEFM. In addition to mobilizing his ward staff to recheck the data, he has taken strict action against those involved in CEFM by halting marriage registrations.



## जुडिया ठाकुर, वडा सदस्य, दुर्गा भगवती गाउँपालिका-२

**"मेरो समुदायमा तीन नजिकैको समुदायमा चार वटा गरी सात वटा बालविवाह रोक्न म सफल भएको छु । म समुदायका किशोरी र उनीहरूका अभिभावकहरूलाई बालविवाह विरुद्ध परामर्श दिन नियमित रूपमा उनीहरूको घरमा जान्छु, हाम्रो अभियानले धेरै अभिभावकको आँखा खोलेको छ, तर हामीले बालविवाह विरुद्ध अभियान जारी राख्न आवश्यक छ ।"**

नम्र र भद्र महिला जुडियाले अभिभावकलाई सम्झाएर अहिलेसम्म सात वटा बालविवाह रोकी सक्नु भएको छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रूपमा उहाँ अनुभवले पनि उहाँलाई सहयोग पुगेको छ । जब कसैको विवाहको बारेमा सुन्नुहुन्छ, उहाँ बर बधूको जन्म दर्ता प्रमाणपत्र परीक्षण गर्न पुग्नुहुन्छ । यदि तिनीहरू उमेर नपुगेका रहेछन् भने, परामर्श गरेर त्यसलाई रोक्नुहुन्छ ।

●●●

## JUDIYA THAKUR, WARD EXECUTIVE MEMBER, WARD 2, DURGA BHAGWATI RURAL MUNICIPALITY

**I stopped three CEFM cases in my community and four more in the nearby community. ... I regularly visit homes in my community to counsel girls and their parents against CEFM. Our campaign has opened the eyes of many parents, but we need to continue campaigning against CEFM.**

Judiya Thakur is a modest woman, yet she has successfully prevented seven child marriages so far by counseling parents. Her experience as a female community health volunteer has been a great asset, as she knows everyone in her community, from children to the elderly. Whenever she hears about a planned marriage, she checks the birth certificates of the bride and groom. If either individual is underage, she initiates advocacy efforts.



## बिनादेवी महतो, वडा सदस्य, वडा १, दुर्गा भगवती गाउँपालिका,

**"मेरो सानैमा विवाह भयो, सानैमा बच्चा पाए र अहिले ५० वर्षको उमेरमा अनेक थरी रोगबाट ग्रसित छु । अब हाम्रो समुदायको कुनै पनि छोरीले हाम्रो जस्तो पीडा सहन नपरोस् भनेर हामीले बालविवाह विरुद्ध अभियान चलाइरहेका छौं । छोरा र छोरी बराबर छन् भन्ने कुरा अभिभावकले बुझ्न र छोरीको शिक्षामा लगानी गरे भने दाइजोको चिन्ता लिनु पर्दैन भन्ने पनि बुझाउन चाहन्छौँ ।"**

सामुदायिक कार्यकर्ता बिनादेवी महतो दुर्गा भगवती गाउँपालिका, वडा १ बाट निर्वाचित वडा सदस्य हुनुहुन्छ । उहाँ सक्रियताका कारण वडाभरि परिचित हुनुहुन्छ । गाउँपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका सन्देश फैलाउन डिजेसहितको गाडीमा घर-घरमा पुग्नु भएको छ । उहाँले बालिकाहरू विरुद्ध हुने अन्य भेदभावलाई हटाउन पनि काम गरिरहनु भएको छ ।

•••

## BINA DEVI MAHATO, WARD 1, WARD MEMBER, DURGA BHAGWATI RURAL MUNICIPALITY

**"I was married as a child, and at 50 years old, I suffer from many diseases due to early motherhood. We don't want any daughter in our community to endure the same suffering, which is why we are campaigning against CEFM. We want guardians to understand that sons and daughters are equal, and by investing in their daughters' education, they won't have to worry about dowry."**

Community activist Bina Devi Mahato is an elected ward member of Durga Bhagwati Rural Municipality, Ward 1. However, she is better known for her activism. In support of the R-CEFM campaign of her municipality, she reached every household, traversing every alley and lane, using a mobile DJ (a loudspeaker-equipped vehicle) to amplify her message about R-CEFM. She also highlights the discrimination against girls and is working to eliminate it.





## सुदामा देवी मण्डल, वडा सदस्य, वडा ९, जलेश्वर

**“विवाहको मिति तय गर्ने कार्यक्रमका बारेमा जानकारी पाए पछि, म बर बधूको घरमा उनीहरूको जन्म दर्ता परीक्षण गर्न जान्छु । यदि तिनीहरूको उमेर पुगेको रहेनछन् भने म परामर्श थाल्छु । सुरुमा, हामीले विवाहमा मुख्य भूमिका निर्वाह गर्ने हिन्दु र मुस्लिम धार्मिक अगुवाहरूलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण र बालविवाह भएमा गरिने कानुनी कारबाहीका बारेमा जानकारी गरायौँ । त्यसपछि, हामीले आमा तथा महिलाहरूलाई बालविवाहका कारण उनीहरूले भोगेको पीडालाई जोडेर परामर्श दिन थाल्यौँ । यसरी काम गर्दा राम्रै प्रभाव परेको छ ।”**

जलेश्वर नगरपालिकाकी कार्यकारिणी सदस्य सुदामादेवी मण्डलले अहिले सम्म १५ वटा बालविवाह रोकिसक्नु भएको छ । सीमावर्ती क्षेत्रमा विवाहका लागि भारतबाट सामान ल्याउँदा भन्सार मिनाहा गर्न सिफारिस गर्ने चलन छ तर व्यापक सामाजिक दबाबका हुँदाहुँदै पनि बालविवाहका हकमा यस्तो सिफारिस नदिन उहाँ कटिबद्ध हुनुहुन्छ ।

●●●

## SUDAMA DEVI MANDAL, WARD MEMBER, WARD 9, JALESWAR MUNICIPALITY

**"Whenever I receive information about the wedding date-fixing ceremony, I visit the homes of the bride and groom to check their birth registrations. If they are underage, I begin counseling and prevent the marriage. Initially, we approached Hindu and Muslim religious leaders, informing them about R-CEFM and the legal consequences they would face if involved in any CEFM, as they are the primary individuals performing weddings. Then, we began counseling mothers and other female community members about the negative impacts of CEFM by relating it to their own lives. This approach has been effective."**

Sudama Devi Mandal is an elected ward member of Jaleswar Ward 9 and an executive member of the municipality. She has already stopped 15 child marriages. Despite social pressure, she is determined to prevent recommendations to the customs department for waiving customs fees for underage marriages.

## कलिम अन्सारी, वडाध्यक्ष, वडा ६, मटिहानी नगरपालिका

**“बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका सन्देश सामुदायिक अगुवामार्फत फैलायौँ । धेरै अभिभावक धेरै छोराछोरी छन् कसरी विवाह गर्ने भनेर हामीकहाँ आउँछन् । हामी पनि समस्या बुझ्केका छौ र नगरपालिका समस्या समाधान गर्नका लागि मद्दत गर्न तयार छ भनेर बालविवाह गर्न नहुने सन्देश दिन्छौ । आरसीएफएम  परियोजनाको सहयोगमा, हामीले पहिलो पटक चलाएको जनचेतना अभियान अन्तरगत सामुदायिक बैठकहरू आयोजना गरेर बालविवाहका हानिकारक प्रभावहरू बारेमा जानकारी गराएका छौँ ।”**

वडाध्यक्ष कलिम अन्सारीको भनाइमा  २० वर्ष मुनिको विवाह गैर कानुनी हो भन्ने बारेमा प्रशासन र निर्वाचित जनप्रतिनिधि बाहेक कसैलाई पनि थाहा नभएको परिप्रेक्ष्यमा यो सन्देश घर-घरमा पुऱ्याउन सफल हुनुभएको छ । उहाँले कम उमेरका किशोरीहरूको विवाह गर्न चाहने अभिभावकहरूलाई त्यस बापत लाग्ने खर्च मुद्दती खातामा बैङ्कमा जम्मा गर्न र उमेर पुगेपछि त्यही खाताको पैसाले उमेर पुगेपछि छोरीको विवाह पुग्छ भनेर पनि सम्झाउने गर्नु भएको छ ।

●●●

## KALIM ANSARI, CHAIR, WARD 6, MATIHANI MUNICIPALITY

**"We involve leaders of ethnic groups so that the message is conveyed properly. People come to us saying they have many children to marry off. We convince them that we understand their problem and the municipality is always there to help them solve any issues. We convince them about R-CEFM. With help from the R-CEFM project, we first launched an awareness-raising campaign, visiting households in the community and organizing community meetings to inform people about the harmful impacts of CEFM."**

Kalim Ansari says that most people were unaware that marriage under the age of 20 is illegal, and only people from the administration and elected representatives knew the legal provision. They have now managed to spread this message to every household. He has been encouraging parents who want to marry off underage girls to reconsider, suggesting instead that they deposit the intended expenses in the bank and marry off their daughters at a later age.





## शोभादेवी दास, सदस्य, स्थानीय बाल अधिकार समिति, पिपरा गाउँपालिका

**“बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण परियोजनाबाट पाएको तालिमले मेरो सशक्तीकरण सुरु भयो । अनि मैले आफ्नै समुदायमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि समितिहरू बनाउन थालेँ । बालविवाह हाम्रो नगरपालिकाका सातै वडाहरूमा सबैभन्दा ठुलो समस्या हो, हामीले कडा परिश्रम गरेपछि यो केही घटेको छ ।”**

शोभा देवी दासले पिपराका दलित समुदायलाई बालविवाह विरुद्धको अभियानमा जोड्ने काम गर्नुभएको छ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण को प्रचार गर्नका लागि समुदायमा जाँदा सुरु सुरुमा उहाँलाई स्थानीय बासिन्दाले छोरीले भागेर विवाह गरे भने जिम्मेवारी तपाईंले लिने हो कि भनेर सोध्ने गर्थे । शोभादेवीले उनीहरूको कुरा ध्यानपूर्वक सुन्दै सहानुभूति दिने काम गर्नुभयो । त्यसपछि छोरीको सानै उमेरमा विवाह गरेमा आउने विभिन्न किसिमका कठिनाइ र स्वास्थ्यमा समस्याका बारेमा बताएर त्यसको उपचारका लागि आमाबाबुले धेरै पैसा खर्च गर्नुपर्ने बताउन थाल्नुभयो । उहाँको यो व्यावहारिक तर्कले काम गरेको देखिन्छ, र उहाँको समुदायमा बालविवाहको जनसङ्ख्या घट्न थालेको छ ।

●●●

## SHOVA DEVI DAS, MEMBER OF THE LCRC, PIPARA RURAL MUNICIPALITY

**"I was trained by the R-CEFM project, and the training empowered me and gave me knowledge. I started to form committees in our community for R-CEFM on my own. CEFM is the biggest problem in all seven wards of our municipality, but after our hard work, it has reduced."**

Shova Devi Das has been a key player in convincing the Dalit community on issues related to CEFM. In the beginning, when she went to the community to campaign for R-CEFM, she was often asked by people whether she would take responsibility if their daughters eloped. As an elective representative, she always listened carefully to people and offered sympathy. Then she convinced them by saying that if they married off their daughters at an early age, they would face many kinds of hardships and health issues, and parents would have to spend a lot of money on their treatment. Her practical logic seems to have convinced people, and the number of child and early marriages has started to decline in her community.

## रामजी यादव, वडाध्यक्ष, वडा-३,लोहारपट्टी नगरपालिका

**"हामीले काम थाल्दा हामीसँग बालविवाह सम्बन्धी कुनै तथ्याङ्क थिएन । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि कार्य योजना विकास गरेपछि, हामीले स्थानीय जनगणना गर्‍यौं जसमा लोहरपट्टी नगरपालिकामा बालविवाह ६३ प्रतिशत थियो भने हाम्रो वडामा ६१ प्रतिशत थियो । सबै धर्मका अगुवादेखि, प्रभावशाली नागरिक समाजका सदस्यहरू, बाल क्लब र सर्वदलीय समितिलगायत सबै समुदायका सदस्यहरूसँग समन्वय गरेर काम गर्दै हामीले हाम्रो वडामा बालविवाहलाई १३ प्रतिशतमा झारेका छौं । यो वडा बाल अधिकार समितिले सङ्कलन गरेको तथ्याङ्कमा आधारित छ ।"**


रामजी यादव नगरपालिकाको बैठकमा प्रस्तुत गरिने तथ्याङ्कको गुणस्तरमा सधैं चासो राख्नु हुन्छ । उहाँले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणमा आफ्नो वडालाई प्रगतिको मार्गमा लानुका साथै नगर परिषद्को सदस्यको नाताले सम्पूर्ण नगरपालिकाको उपलब्धिमा महत्वपूर्ण योगदान दिनु भएको छ । वडाध्यक्ष यादव आफूले प्रणाली-सुदृढीकरण तथा प्रमाण-आधारित निर्णयलाई प्राथमिकता दिनुका साथै अन्य वडाध्यक्षलाई पनि त्यसै गर्न प्रेरित गर्नुहुन्छ । रामजी यादवले सर्वदलीय समितिको अवधारणा साह्रै उपयोगी लागेका वडा विकासका अन्य काममा पनि त्यसको प्रयोग गर्न थाल्नुभएको छ ।

•••

## RAMJI YADAV, WARD CHAIR, WARD 3 LOHARPATTI MUNICIPALITY

**"When we started, we had no data about CEFM. After developing a workplan for R-CEFM, we conducted a local census that showed Loharpatti Municipality had a CEFM prevalence of 63 percent, while our ward had 61 percent. By working in coordination with all community members, including religious leaders, influential civil society members, the child club, and the all-party committee, we reduced the prevalence to 13 percent in our ward, it is based on the data collected by the WCRC. During the planning process, we meet with everyone to decide the next steps and send proposals for municipal approval."**

Ramji Yadav always strives to ensure the quality of data presented at municipal meetings. He has not only improved his ward's progress on R-CEFM but has also made a significant contribution to the entire municipality's achievements as a member of the Municipal Council. He follows a system-strengthening approach and prioritizes evidence-based decision making, inspiring other wards to do the same. Ramji Yadav found the all-party committee so useful that he started using it for other ward development work.





## दीपककुमार चौधरी, शिक्षक तथा अभियन्ता, दुर्गा भगवती गाउँपालिका

**“हाम्रो करियर काउन्सिलिङको एउटा सत्रमा, बालविवाह को नकारात्मक प्रभावहरू बारे छलफल गर्दा, मैले तीन जना छात्राहरू रोइरहेको देखे । त्यसको कारण सोध्दा उनीहरूले आफ्ना आमाबाबुबाट विवाह गर्न दबाबको आएको खुलासा गरे । हामीले अभिभावकहरूलाई परामर्श गर्‍यौ । उनीहरूले छोरीहरूलाई पढाइलाई निरन्तरता दिन अनुमति दिए । अहिले ती किशोरीहरू उच्च शिक्षा हासिल गर्दै राम्रो पेसामा आफ्नो भविष्य बनाइरहेको देख्दा खुसी लाग्छ ।”**

सामाजिक अभियन्ता र विद्यालय शिक्षक दीपक कुमार चौधरीले आफूले सञ्चालन गर्ने कोचिङ क्लास तथा विद्यालयमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहका बारेमा शिक्षा दिनुहुन्छ । यसै गरी बालविवाह न्यूनीकरण गतिविधिहरू कार्यान्वयन गर्न नगरपालिकासँग पनि सहकार्य गर्नुहुन्छ ।

•••

## DEEPAK KUMAR CHAUDHARI, TEACHER AND ACTIVIST, DURGA BHAGAWATI RURAL MUNICIPALITY

**"During one of our career counseling sessions, while discussing the negative impacts of CEFM, I noticed three female students crying. Upon inquiring about the reasons, they revealed that they were facing pressure to marry from their parents. We counseled the parents to allow their daughters to continue their studies. I am happy to see these girls progressing in higher education and pursuing successful careers."**

Deepak Kumar Chaudhari is a social activist and schoolteacher who also runs several private coaching classes for students in the municipality to improve their exam scores. He also collaborates with the municipality to implement R-CEFM activities. In school and in coaching classes, Deepak and his team educate students about reducing CEFM.

## ईश्वरीप्रसाद पौडेल, प्रधानाध्यापक तथा कार्यकर्ता, मटिहानी

**“हाम्रो धर्मले भन्छ, ‘जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ देवताहरू आनन्दित हुन्छन्’ (यत्र नार्यस्तु पूज्यन्ते रमनगते तत्र देवता:), त्यसैले अन्धविश्वासबाट उत्पन्न बालविवाहलाई धर्मले मान्दैन । हामीले सबै बालिकाहरूलाई शिक्षित गर्न आवश्यक छ । जब बालिकाहरू शिक्षित हुन्छन्, तिनीहरू आफैंले बालविवाह विरुद्ध वकालत गर्छन् ।”**


ईश्वरीप्रसाद पौडेल मटिहानी नगरपालिकास्थित राजकीय संस्कृत विद्यालय (गुरुकुल)को प्रधानाध्यापक हुनुहुन्छ । विक्रम संवत् १७७५ मा स्थापना भएको देशको यो सबैभन्दा पुरानो संस्कृत-शिक्षण विद्यालय बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको अभियानमा साथ दिने अग्रगामी संस्था हो । विद्यालयले एक सय भन्दा बढी शिक्षक र विद्यार्थीहरूलाई नगरपालिका तथा वरपरका क्षेत्रको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण को पक्षमा वकालत गर्न परिचालन गरिरहेको छ । ‘मधेस प्रदेशको सबैभन्दा ठुलो रोग भएकाले नगरपालिकाले मात्रै बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणलाई रोक्न सक्दैन । यसको विरुद्ध लड्न हरेक क्षेत्रका जनता एकजुट हुनुपर्छ,’ ईश्वरी भन्नुहुन्छ, “कुनै बिहे भोजको निम्तो पाए पछि कम उमेरको विवाह हो भने नजाने गरे पनि ठुलै दबाब सिर्जना हुन्छ ।”

•••

## ISWARI PRASAD PAUDEL, PRINCIPAL AND ACTIVIST, MATIHANI

**Our religion says, “Where women are honored, there the gods rejoice” (yatra nāryastu pūjyante ramante tatra devatāh), so religion does not condone child marriage, which is derived from superstition. We need to educate all girls, saying, “When girls are educated, they themselves become advocates against CEFM.”**

Iswari Prasad Paudel is the principal of Rajkiya Sanskrit School (Gurukul) in Matihani Municipality. This oldest Sanskrit-teaching school in the country, established in 1718 (Bikram Sambat 1775), is a pioneer of the R-CEFM movement. The school is mobilizing more than 100 teachers and students to advocate for R-CEFM within the municipality and nearby. “Municipality alone cannot stop CEFM, as it is the biggest disease of Madhesh Province. People from every sector should unite to fight it,” Iswari says. “If we receive a wedding invitation, we must first check if it is a case of CEFM and decide not to attend if it is. This will create pressure in the community for delay marriage.”





## सरिता कुमारी मण्डल, वडा सदस्य, वडा -२ मटिहानी नगरपालिका

**“नगरपालिका र वडाको अभियान पछि, बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको सङ्ख्या आजकल घटेको छ तर पूर्ण रूपमा रोकिएको भने छैन । हामीले बालविवाह विरुद्ध बनाइएका सडक नाटक र गीत सहित सचेतना अभिवृद्धि अभियानलाई निरन्तरता दिन आवश्यक छ ।”**

स्कुल बेलादेखि नै बालविवाह विरोधी अभियानमा लाग्नुभएकी मटिहानीकी सरिता कुमारी मण्डल नगरपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण पहलमा संलग्न भएपछि नयाँ ढङ्गबाट अगाडि बढ्नु थाल्नुभएको छ । बालविवाहका धेरै कारणहरू हुन्छन् भन्ने उहाँले बुझ्नु भयो । कम शिक्षित क्षेत्रमा बालविवाह हुने सम्भावना बढी हुने विश्वासका साथ सरिता बालबालिकाको शिक्षामा विशेष ध्यान दिनुहुन्छ ।

●●●

## SARITA KUMARI MANDAL, WARD MEMBER, WARD -2, MATIHANI MUNICIPALITY

**"After the campaign by the municipality and the ward, CEFM is reduced these days [but] not completely stopped. We need to continue the awareness-raising campaign, including the street drama and song made against CEFM."**

Sarita Kumari Mandal of Matihani, an anti-child marriage activist since her school days, gained new insights through the municipality’s R-CEFM initiatives. She now understands that there are many causes of CEFM. Sarita is focused on educating children, believing that child marriage is more likely in areas with low education levels.



## दुर्गा भगवती बाल क्लब, दुर्गा भगवती गाउँपालिका

**"किशोरीलाई विवाह गर्ने दबाब अभिभावकबाट भन्दा बढी छरछिमेकहरू र नातेदारबाट आउँछ, त्यसैले हामी उनीहरूलाई लक्षित गरेर सन्देश बनाएका छौं ।"**

सामान्यतः पहिला बाल क्लबहरूमा बालक नै बढी हुन्थे, सक्रिय बालिकाहरू भेटाउनै गाह्रो थियो । दुर्गा भगवतीले गाउँपालिकाको सहयोगमा यो बाल क्लबले सक्रिय बालिकाहरूलाई समावेश गरी रूपान्तरणको पहल गरेको थियो । दुर्गा भगवती गाउँपालिकामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण पहलहरूमा यो बाल क्लबले नयाँ नयाँ किसिमका कार्यक्रम गरेर चर्चामा आएको हो । क्लब सदस्य आस्था कुमारी मिश्रा सडक कार्यक्रममा भीड जम्मा गर्न महिला सशक्तीकरण बारे आफूले लेखेको कविता सुनाउनुहुन्छ । क्लबका सदस्यहरूले नाटक र भाषणदेखि सडक र्‍याली र घर-घर भ्रमणसम्म थुप्रै अभियानहरू सञ्चालन गरेका छन् । "हामी हरेक महिनाको पहिलो शनिवार भेट्छौं," क्लबका अध्यक्ष कौशल किशोर झा भन्नुहुन्छ, "यी बैठकहरूमा, हामी एक महिना लामो अभियानको लागि गतिविधिहरूको योजना बनाउँछौं ।" क्लबको नेतृत्व युवावस्था तिर लम्किएकाले उनीहरूले नयाँ पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्ने तयारी गरिरहेका छन् र बालविवाह न्यूनीकरणमा सहयोग गर्न आफूहरूचाहिँ युवा क्लब बनाउने सोचमा छन् ।

## DURGA BHAGWATI CHILD CLUB, DURGA BHAGAWATI RURAL MUNICIPALITY

**The pressure for girls' parents to consider CEFM often comes from neighbors and in-laws, so we also target our messages to them.**

Child clubs used to be dominated by boys, and it was difficult to find active girls participating. However, the Child Club of Durga Bhagwati initiated a transformation, with the help of the municipality by including more active girls. Now, the club is renowned for its innovative ideas to support the R-CEFM initiative in Durga Bhagwati Rural Municipality. To gather a crowd for the club's street programs, Astha Kumari Mishra, a prominent club member, recites a poem she wrote about women empowerment. The club members have conducted numerous campaigns, ranging from dramas and speeches to street rallies and household visits. "We meet on the first Saturday of every month," says Kaushal Kishor Jha, the club's chair. "During these meetings, we plan activities for the month-long campaign." As the club's leadership is transitioning into adulthood, they are handing over responsibilities to a new generation, and many are considering forming a youth club to continue supporting R-CEFM activities (With group picture)



## हिना खातुन, मटिहानी नगरपालिका

**“यो एउटा सिक्ने प्रक्रिया हो । हामीले घरदैलो अभियानहरू सञ्चालन गर्‍यौँ अनि अभिभावक र विद्यालय नजाने बालबालिकालाई बालविवाहको नकारात्मक प्रभावको बारेमा सन्देश दियौ । हाम्रो नगरपालिका, वडा सदस्यहरू र हामी सबै मिलेर बालविवाह कम गर्न काम गरिरहेका छौँ ।”**

मटिहानी नगरपालिका वडा ७ को मुस्लिम परिवारकी किशोरी हिना खातुनले आफ्नो समुदायबाट बालविवाह विरुद्ध अभियानको नेतृत्व गरेर अहिले यसलाई पूरै नगरपालिकामा विस्तार भएको छ । हिना भन्नुहुन्छ, “यो सबै स्कुलमा बाल क्लबको सदस्य भएपछि सिकेको हुँ । त्यसमा हामीलाई बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण को बारेमा प्रशिक्षण दिइएको थियो । त्यसपछि हामीले सामुदायिक तह, त्यसपछि बिस्तारै वडा तह र अब नगरपालिका तहमा जाने निर्णय गर्‍यौँ ।”

●●●

## HINA KHATUN, MATIHANI MUNICIPALITY

**This is all a learning process. We conducted household campaigns and conveyed the message about the negative impact of CEFM to parents and school dropouts. We are all working together—our municipality, the ward members, and us—to reduce CEFM.**

Hina Khatun, a young girl from a Muslim family in Matihani Municipality Ward 7, led a campaign against CEFM from her community and has now expanded it to the entire municipality. “It all started in school when I was part of the child club, and we were trained about R-CEFM. Then we decided to go to the community level, then gradually to the ward level, and now the municipal level,” Hina says.

## नजमा खातुन, लोहारपट्टी नगरपालिका

**"हामी कसैलाई पनि बालविवाह भनेको के भन्ने नै थाहा थिएन । मेरी आमाले १० कक्षा पछि तिम्रो विवाह गरिदिन्छु भन्नुहुन्थ्यो । मस्जिदमा बालविवाह विरुद्धको प्रवचन सुनेर हाम्री आमाहरू, हजुरआमाहरू, काकीहरू भन्न थाल्नुभएको छ- मौलवी साहेबले त साँचो कुरा भन्नुभएको हो । छोरीहरूले पहिले पढ्ने र आफ्नै खुट्टामा उभिनु पर्छ । यो बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण अभियानले ल्याएको परिवर्तन हो ।"**

नगरपालिका स्तरीय बाल क्लबको अध्यक्षको हैसियतले नजमाले लोहारपट्टी नगरपालिकामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण क्रियाकलापहरू कार्यान्वयन गर्न मद्दत गर्दै आउनुभएको छ । नजमा स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिको सदस्यको रूपमा पनि सक्रिय हुनुहुन्छ । नजमाले अहिले नगरपालिकाका धेरै बालिकालाई पढाइमा निरन्तरता दिन र समाजका लागि काम गर्न प्रेरित गर्नु भएको छ । नजमाले सुरुमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण परियोजनाको उपचारात्मक शिक्षासम्बन्धी क्रियाकलाप भाग लिनुभएको थियो र त्यसैबाट आफूलाई परिमार्जित गर्नुभएको हो । त्यो भन्दा अगाडी उहाँले बालविवाहका बारेमा सुन्नु भएको पनि थिएन ।

•••

## NAJAMA KHATUN, LOHARPATTI MUNICIPALITY

**We didn't know anything about child marriage. No one in our village did. My mother used to say they would marry me off after grade 10. But after the campaign and the teaching by our religious leaders, our mothers and grandmothers started to say, "Mualabi saheb is right, the girls should first educate themselves and secure their future." That is the change R-CEFM has brought.**

As the chair of the municipality-level child club, Najma has been helping Loharpatti Municipality implement R-CEFM activities. Najma is also active as a member of the LCRC and WCRC. This girl from a humble background has now started to inspire many other girls in the municipality to continue their education and work for the community. Najma was part of the R-CEFM project's remedial education activity and gradually developed herself. Before that, she had never heard about CEFM.



## प्रितम ठाकुर, रौतहट

**"हामीले हाम्रो शिक्षा र भावी लक्ष्यहरूबारे खुलेर कुरा गर्दा अभिभावकले मान्न पनि सक्छन्, तर चाँडो विवाह गर्न आफन्त र छिमेकीहरूबाट दबाब आएपछि समस्या हुन्छ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण परियोजनाको सकारात्मक अभिभावकत्व कार्यशालामा भाग लिएपछि त्यसले मलाई धेरै मद्दत गऱ्यो । अहिले, आमाबाबु र आफन्तहरूलाई परामर्श गर्दा, म पहिले मेरो आफ्नै कथा सुनाउँछु । यो तरिकाले उनीहरूलाई आफ्ना छोरीहरूलाई पढ्न दिनुको महत्व बुझाउन सफल भएकी छु ।"**

बालविवाहबाट जोगिनु भएकी प्रितम कक्षा १० बढी पढेर घरबाहिर काम गर्ने आफ्नो समुदायकी पहिलो किशोरी हुनुहुन्छ । प्रितमले सुरुमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण परियोजनाको उपचारात्मक शिक्षामा भाग लिनुभयो र त्यसपछि बालिकाहरूका लागि सकारात्मक अभिभावकत्व र आत्मरक्षा प्रशिक्षणमा संलग्न हुनुभयो । प्रितम भन्नुहुन्छ "म वास्तवमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण परियोजनाद्वारा सशक्त भएकी हुँ; मैले अहिले जति काम गरिरहेकी छु त्यो सबै परियोजनाबाट सिकेको हुँ ।"

●●●

## PREETAM THAKUR, RAUTAHAT

**Parents may be convinced when we talk openly about our education and career goals, but pressure from relatives and neighbors to marry early remains a problem. The R-CEFM project's positive parenting workshop helped me a lot. Now, when counseling parents and relatives, I share my own story first. This approach has been successful in convincing them of the importance of letting their daughters continue their education.**

Preetam, a young girl, saved herself from becoming a child bride and was one of the first to be educated beyond grade 10 and work outside her home in a community where the traditional occupation is barbering. She was part of the R-CEFM project's remedial education initially and then became involved in positive parenting and self-defense training for girls. "I am actually empowered by the R-CEFM project; what I am doing is what R-CEFM taught me," she says.



## अंशुकुमारी यादव, लोहारपट्टी नगरपालिका

**“तपाईंले भेट्नु भएका सबैले बालविवाह बन्द गर्नुपर्छ है भन्छन् तर उनीहरू त्यस्तो परिवर्तन अरूबाट होस् भन्ने अपेक्षा गर्छन् । मेरो विचारमा, अरूलाई सल्लाह दिनु अघि तिनीहरूले आफ्नो व्यवहार परिवर्तन गर्नुपर्छ ।“**

लोहारपट्टी नगरपालिका, वडा नम्बर ८ की अंशुकुमारी यादव बालविवाह विरुद्ध लाग्नु भएकी एक प्रखर अभियन्ता हुनुहुन्छ । अंशु नियमित रूपमा सार्वजनिक कार्यक्रमहरूमा गएर कडा रूपमा बोल्नु हुन्छ । अंशुको आकर्षक भाषणले भीडलाई मौन बनाउँछ भने बालिकाहरूलाई आफ्ना कुरा खुलेर राख्न प्रेरित गर्छ । वडा कार्यालय चलाएका कार्यक्रमबाट आफू सशक्त भएको बताउने आफूले सिकेका कुराहरू अरूलाई पनि सिकाउँदै हिँड्नुहुन्छ । “बालविवाह हाम्रो समाजको सबैभन्दा ठुलो समस्या हो, यो कुरीतिले बालिकाहरूलाई शोषण गर्छ, जसका कारण बालिकाको शिक्षा, शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्छ,” अंशु भन्नुहुन्छ ।

●●●

## ANSHU KUMARI YADAV, LOHARPATTI MUNICIPALITY

**Everyone you meet will say that CEFM should be stopped, but they expect others to change. In my view, they should change their behavior first before advising others.**

Anshu Kumari Yadav of Loharpatti Municipality Ward 8, is a strong campaigner for R-CEFM and regularly visits public events to deliver powerful speeches. Her compelling speeches can silence a crowd and inspire girls to speak up in the closed society of Madhesh. Empowered by the ward office, she began sharing what she learned. “CEFM is one of the biggest problems in our society, a harmful custom that exploits girls, resulting in negative impacts on their education, physical, and mental health,” says Anshu.





## मौलाना रहमत अलि, राजपुर नगरपालिका

**‘इस्लाम र नेपाली कानुनमा बालविवाह निषेध गरिएको छ । तर २० वर्षभन्दा कम उमेरको विवाहमा प्रतिबन्ध लगाउने कानुनबारे धेरै नेपालीलाई थाहा छैन । हामीले उनीहरूलाई जानकारी दिँदै शिक्षित गर्न आवश्यक छ ।”**

राजपुर नगरपालिकाको वडा १ पिपरा भवानीपुरका मौलाना रहमत अलि बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण, बालिका शिक्षा र महिला सशक्तीकरणको क्षेत्रमा सक्रिय हुनुहुन्छ । उहाँ हरेक हप्ता आफ्नै खर्चमा रौतहट र बारा जिल्लाका मस्जिदमा बालबालिका, कम उमेरमा जबरजस्ती विवाह विरुद्ध प्रवचन दिन जानुहुन्छ ।

●●●

## MAULANA RAHAMAT ALI, RAJPUR MUNICIPALITY

**Child marriage is forbidden in Islam and Nepali Law. But many Nepalis are still unaware of the law banning marriage under the age of 20. We need to inform and educate them.**

Maulana Rahamat Ali, from Pipara Bhawanipur Ward 1 of Rajpur Municipality, has been active in the field of R-CEFM, girls’ education, and women’s empowerment. He travels every week at his own expense to give speeches against CEFM in mosques across Rautahat and Bara Districts.



## ताराकान्त झा, धार्मिक अगुवा, पिपरा

**“कम उमेरका किशोर किशोरीको विवाह गरेमा आमाबाबुले मात्र कानुनी कारबाही भोग्नु पर्ने होइन, म जेल पनि जानु पर्छ भनेर मैले अभिभावकलाई भन्न पर्ने अवस्था आउँछ । बिस्तारै हाम्रो फेरिँदै गएको मैले देखेको छु: आजकलका बच्चाहरू आफ्नो शिक्षा पूरा गर्नु अघि आमाबाबुबाट विवाहको प्रस्तावलाई “नाइँ” भन्न थालेका छन् ।**

तारकान्त झा-पिपरा गाउँपालिका क्षेत्रका चर्चित पुजारी तथा राजनीतिक कार्यकर्ता हुनुहुन्छ । बर बधूको उमेर बताइए पछि उहाँ जन्म मितिसँग अहिले उनीहरूले हासिल गरिरहेको शिक्षाको तह तुलना गर्नुहुन्छ । शङ्कास्पद देखिएमा, उहाँ जन्म दर्ता प्रमाणपत्र परीक्षण गर्ने र नाबालिग रहेछन् भने कम उमेरमा विवाह किन गर्नु हुँदैन भनेर आमाबाबुलाई परामर्श दिन थाल्नुहुन्छ ।

●●●

## TARAKANT JHA, RELIGIOUS LEADER, PIPARA RURAL MUNICIPALITY

**I sometimes have to tell the parents that not only will they face legal consequences for marrying off an underage child, but I will also have to go to jail. Since then I’ve seen a greater change; nowadays, some children have started to say “no” to marriage proposals from their parents before finishing their education.**

Tarakant Jha is popular priest and political activist of Pipara Rural Municipality. To check the age of the bride and groom, he starts by checking their birth dates and comparing them with the level of education they are currently enrolled in. If he finds anything suspicious, he checks the birth registration certificates and starts counseling the parents not to marry their underage children.

## मोहम्मद सहाबुद्दीन, राजपुर

**“बालविवाह हाम्रो समस्या हो । यसले हाम्रो समाजलाई कसरी हानि पुऱ्याइरहेको छ भनेर हामीले चिन्ता गर्नुपर्छ, र हामीले नै यो समस्या समाधान गर्नुपर्छ ।”**

राजपुर नगरपालिकाको वडा १ का मोहम्मद सहाबुद्दिनले ७०० विद्यार्थी र २९ कर्मचारीसहित बालिकाहरूका लागि धार्मिक विद्यालय (मदरसा) चलाउनु हुन्छ । उहाँले १३ वर्षअघि यो विद्यालय सञ्चालन गर्न पहल गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ, “शिक्षाले हरेक सामाजिक रोगलाई निको पार्न सक्छ, र शिक्षाले नै हाम्रा बालिकाहरूलाई बालविवाहलाई अस्वीकार गर्न सक्ने गरी शक्तिशाली बनाएको छ ।”

●●●

## MOHAMMAD SAHABUDDIN, RAJPUR MUNICIPALITY

**CEFM is our problem. We need to worry about how it is harming our society, and we need to solve this problem ourselves.**

Mohammad Sahabuddin, of Ward 1 in Rajpur Municipality, operates a religious girls' school (Madarasa) with 700 students and 29 staff members. He initiated this school 13 years ago. He says, “Education can cure every social disease, and it has made our girls so powerful that they themselves have rejected CEFM.”



## मुनचुन मिश्र,दुर्गा भगवती गाउँपालिका

**बालविवाहले बालिकाको स्वास्थ्यमा पार्ने असरहरूका बारेमा प्रचार गरेर हामीले बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण अभियान सुरु गर्‍यौँ । त्यसपछि, हामीले कम उमेरमा भएको विवाह दर्ता गर्न र नाबालिग आमाबाबुबाट जन्मेका छोराछोरीको जन्म दर्ता प्रमाणपत्र नपाइने कुराका बारेमा समुदायका सदस्यहरूलाई बतायौ । हाम्रो अभियान प्रभावकारी भएको छ र बालविवाह दर तीव्र गतिमा घट्दै गएको छ ।**


दुर्गा भगवती गाउँपालिकाको वडा नम्बर ४ को प्रभावशाली नागरिक समाज समितिले आफ्नो क्षेत्रमा आफ्नै स्रोत र समय परिचालन गरी बालविवाह कम गर्न प्रयास गरिरहेको छ । अनुभव, उमेर, र सामाजिक प्रतिष्ठाका कारण समितिका सदस्यहरूको समुदायमा सम्मान छ । आफूलाई परेका समस्याको समाधानका बारेमा सल्लाह गर्न पनि समुदायका मानिस उहाँहरू कहाँ पुग्छन् । त्यसैले बालविवाह रोक्ने काममा उहाँहरूको भूमिका प्रभावकारी हुन्छ । समितिका अध्यक्ष मुनचुन मिश्र भन्नुहुन्छ, “नगरपालिका र वडाले हामीलाई समिति गठन गर्न र बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण मुद्दाहरूमा तालिम दिएको थियो । यो काम  समाजको सुधारको लागि भएकाले हामीले थप सक्रिय हुने निर्णय गर्‍यौं ।”

●●●

## MUNCHUN MISHRA, DURGA BHAGWATI RURAL MUNICIPALITY

**We started the R-CEFM campaign by focusing on the health impacts of child marriage on girls. Subsequently, we informed community members about the difficulties in obtaining marriage certificates and birth certificates for children born to underage parents. Our campaign has been effective, and the rate of child marriage is declining rapidly.**

The influential civil society committee of Ward 4 of Durga Bhagwati Rural Municipality is known for exerting extra effort to reduce CEFM by mobilizing its own resources and time within their locality. Committee members are respected for their knowledge due to their deep life experiences, age, and social status. Community members seek their advice to solve everyday problems. As such, they are the ideal people to intervene in cases of CEFM.  Munchun Mishra, the wise and experienced committee chair, says that the municipality and ward requested them to form the committee and train them on R-CEFM issues. “It was for the betterment of society, so we decided to be more active,” he says.



## लक्ष्मीनारायण पाण्डे, दुर्गा भगवती गाउँपालिका

**"पुराना परम्पराहरू परिवर्तन गर्न गाह्रो हुन्छ। बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण को लक्ष्य हासिल गर्न पनि समय लाग्छ र निरन्तर अभियान चलाउनु पर्छ।"**


सामाजिक सेवाका आफ्ना कामबाट परिचित ७६ वर्षीय अवकाश प्राप्त स्वास्थ्य सहायक लक्ष्मीनारायण पाण्डे अहिले आफ्नै गृह नगर दुर्गा भगवती गाउँपालिका वडा नम्बर २ मा नवगठित प्रभावशाली नागरिक समाज समितिमा सक्रिय हुनुहुन्छ।

•••

## LAXMI NARAYAN PANDEY, DURGA BHAGAWATI RURAL MUNICIPALITY

**Age-old customs are hard to change. It takes time and continued campaigning to achieve the goal of R-CEFM.**

Laxmi Narayan Pandey, a 76-year-old retired health assistant well known for his social work, is now active in the newly formed influential civil society committee in his hometown, Durga Bhagwati Rural Municipality Ward 2.



## पुष्प सिंह, दुर्गा भगवती गाउँपालिका

**“बालविवाहमा बालिकाहरूको ठुलो शोषण हुन्छ, र उनीहरू शारीरिक र मानसिक रूपमा पीडित हुन्छन् । एक महिला र राजनीतिज्ञको हैसियतमा मैले बोल्ने हरेक मञ्चमा र सहभागी हुने हरेक कार्यक्रममा यो मुद्दा उठाएको छु, किनकि मैले बालविवाह गर्ने धेरै महिलाको पीडा देखेको छु ।”**

लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय सदस्य पुष्प सिंह दुर्गा भगवती गाउँपालिकाको बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि बनेको सर्वदलीय समितिमा बसेर बालिका शोषणविरुद्ध लड्न सहमत हुनु भएको हो । उहाँ, आफ्ना १० समर्पित सदस्यहरूको टोलीसँग नियमित रूपमा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणको प्रचार गर्न घर-घरमा जानुहुन्छ । पुष्प सिंह भन्नुहुन्छ, ‘हामी, यहाँका सबै सक्रिय दलका प्रतिनिधिले पहिलो पटक भेटेर बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह रोक्ने निर्णय गरेका छौँ । त्यसका लागि, सबै नेताले बालविवाह नगराउन अभिभावकलाई सम्झाउनु पर्छ ।’

●●●

## PUSPA SINGH, DURGA BHAGWATI RURAL MUNICIPALITY

**There is huge exploitation of girls in CEFM, and they suffer physically and mentally. As a woman and a politician, I raise this issue in every forum I speak and in every program I participate, as I have seen the suffering of many women who married as children.**

Puspa Singh, a central committee member of the Lokatantrik Samajbadi Party agreed to join the all-party committee for R-CEFM at Durga Bhagwati Rural Municipality to fight against exploitation of children. She, along with her team of 10 dedicated members, regularly visits households to campaign for reducing CEFM. “We, the representatives of all active parties here, met for the first time and decided that CEFM should be stopped,” Puspa Singh says. “For that, all politicians should focus on convincing parents not to practice CEFM.”



## उमा शङ्कर प्रसाद साह, मटिहानी नगरपालिका

**बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण हाम्रो भविष्यको उन्नतिको लागि हो र विपक्षी दलको सदस्य भए पनि हामीले नगरपालिकालाई यस मामिलामा समर्थन गरिरहेका छौं किनभने यो अभियानलाई सफल बनाउन हामी मिलेर काम गर्नु पर्छ, यो हाम्रो नगरपालिकाको समस्या हो ।**

बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका लागि सर्वदलीय समितिका सदस्य उमा शङ्कर प्रसाद साह विपक्षी दलबाट भए पनि मटिहानी नगरपालिकामा बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणका कार्यक्रमका लागि सक्रिय रूपमा सहयोग गरिरहनु भएको छ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण जस्ता समस्या समाधानका लागि राजनीतिक दलबिच समन्वय आवश्यक रहेको उहाँको भनाइ छ ।

●●●

## UMA SHANKAR PRASAD SAH, MATIHANI MUNICIPALITY

**R-CEFM is for the betterment of our future and despite being members of an opposition party, we are supporting the municipality on it because we need to work together to make this campaign a success, this is our municipalities issues.**

Uma Shankar Prasad Sah, a member of the All-Party Committee for reducing CEFM, is actively gathering support for R-CEFM programs in Matihani Municipality despite being from the opposition party. He believes that coordination between political parties is needed to solve problems such as CEFM.



## शिवाजी यादव, लोहारपट्टी नगरपालिका

**“हाम्रो समाजमा, चिया पसलहरू पुरुषहरूको भेट्ने मुख्य ठाउँ हो । आजकल हाम्रा चिया पसलमा हुने कुराकानीको मुख्य विषय बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण भएको छ । यो समाजमा बढेको चेतनाको प्रतीक हो यसले अन्ततः बालविवाह कम गर्न मद्दत गरिरहेको छ ।“**

सर्वदलीय समितिको सदस्यका रूपमा शिवाजी यादवले वडा कार्यालयलाई सबै कार्यक्रममा मद्दत गर्दै धेरै बालिकालाई बालविवाहबाट बचाउन सहयोग गर्दै आउनुभएको छ । बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरणमा अरूलाई सक्रिय भएर लाग्न उहाँले अरूलाई प्रेरित गर्दै आउनु भएको छ । शिवाजी यादव भन्नुहुन्छ, “हामी, सर्वदलीय समितिका सदस्यहरू, नियमित रूपमा समुदायमा जाने गरेका छौँ र बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्यूनीकरण बारे अभिभावकहरूसँग अन्तरक्रिया गर्ने गरेका छौँ, जसबाट  जनजागरण आएको छ ।

●●●

## SHIVAJI YADAV, LOHARPATTI MUNICIPALITY

**In our society, the local tea stall is the main gathering place for male members. These days, the main conversation at the tea stall is R-CEFM. This increased awareness level is ultimately helping to reduce CEFM.**

Shivaji Yadav, of Loharpatti Ward 3, as a member of the all-political party committee, has been supporting the ward office in all events and helping to save many girls from child marriage. He has inspired others to be active and contribute to the cause of R-CEFM. “We, the members of the all-political party committee, have regularly visited communities and interacted with parents about R-CEFM, which has had a positive impact on awareness,” he says.





**Ward Child Rights Committee (WCRC) Members, Ward 8, Jaleswar Municipality discussing issues related to CEFM prior to WCRC meeting.**

जलेश्वर नगरपालिका वडा ८ को वडा बालअधिकार समितिका सदस्यहरू बैठक अगाडी बालविवाहका बारेमा छलफल गर्दै ।

USAID
FROM THE AMERICAN PEOPLE

Breakthrough ACTION
FOR SOCIAL & BEHAVIOR CHANGE

Madhesh Province Government
**Ministry of Sports and Social Welfare**
Janakpurdham, Dhansusha